# SNAP कोभिड-19 आपतकालीन खाद्यान्न लाभहरू (SNAP आपतकालीन भाग) सकिएपछि साझेदारहरूका लागि सामान्य बुँदाहरू

***साझेदारहरूका लागि नोट:*** *यी बुँदाहरू वार्तालाप मार्गदर्शकको रूपमा उपलब्ध गराइन्छ र यो वितरण गर्नुहुँदैन। कुनै व्यक्तिका विशेष आवश्यकता र प्रश्नहरूलाई सम्बोधन गर्नका लागि वार्तालापलाई अनुकूलन बनाउनुपर्छ। मद्दतका लागि स्रोतहरू तल सूचीबद्ध गरिएको छ।*

- अप्रिल 2020 देखि, ओरेगनमा SNAP प्राप्त गरेका धेरैजसो मानिसहरूले प्रत्येक महिना आफ्नो EBT (ओरेगन ट्रेल) कार्डमा अतिरिक्त आपतकालीन खाद्यान्न लाभहरू पनि प्राप्त गरेका छन्। यो लाभ संघीय सरकारले कोभिड-19 सँग सम्बन्धित जनस्वास्थ्य आपतकालीन अवस्थामा मद्दत गर्नका लागि सिर्जना गरेको हो।
    - आपतकालीन खाद्यान्न लाभहरू महिनाको करिब 11 वा 12 गते EBT कार्डहरूमा थपिने अतिरिक्त रकम हुन्।
- **फेब्रुअरीको महिना आपतकालीन खाद्यान्न लाभहरू प्रदान गरिने अन्तिम महिना हुने छ। SNAP प्राप्त गर्ने मानिसहरूले मार्च 2023 मा र मार्चपछिको प्रत्येक महिनामा आफ्नो SNAP लाभ प्राप्त गर्न जारी राख्ने छन्।**
    - SNAP लाभ भनेको मानिसहरूले प्रत्येक महिनाको 1 र 9 गतेको बिचमा आफ्नो कार्डमा प्राप्त गर्ने रकम हो।
- ODHS ले दुई वर्षदेखि SNAP प्राप्त गर्ने लाखौँ परिवारहरूलाई आपतकालीन खाद्यान्न लाभहरू प्रदान गर्दै आएको छ।
    - यी लाभहरूले गर्दा मानिसहरूमा आफ्नो र आफ्ना परिवारहरूका लागि पर्याप्त मात्रामा स्वस्थ खाद्यान्न प्राप्त गर्ने क्षमता उल्लेखनीय रूपमा वृद्धि भएको छ।
    - यी आपतकालीन खाद्यान्न लाभहरू भएनन् भने, ओरेगनमा केही मानिसहरूले आफ्ना आधारभूत आवश्यकताहरू पूरा गर्न कठिनाइ भएको र संघर्ष गर्नुपरेको अनुभव गर्न सक्छन्।
- मानिसहरूले आपतकालीन खाद्यान्न लाभहरू प्राप्त नगरेको अवस्थामा आफ्नो SNAP खाद्यान्न लाभ कति बाँकी रहन्छ भनेर आफ्नो ONE खाता वा EBT Edge खाता जाँच गर्न सक्छन्।
    - उनीहरूको ONE खाताको ड्यासबोर्ड पृष्ठमा रहेको "मासिक लाभ रकम" खण्डमा नियमित SNAP रकम सूचीबद्ध गरिने छ
    - उनीहरूको EBT Edge खाता गतिविधिमा, प्रत्येक महिनाको 1 र 9 गतेको बिचमा उनीहरूको कार्डमा नियमित SNAP रकम थपिने छ।
- प्रभावित व्यक्ति तथा परिवारहरूले आफ्नो अन्तिम महिनाको आपतकालीन खाद्यान्न लाभहरू प्राप्त गरेपछि आफ्ना खाद्यान्न आवश्यकताहरू पूरा गर्ने योजना बनाउनका लागि

जतिसक्दो चाँडो राज्य तथा स्थानीय साझेदारहरूलाई सम्पर्क गर्नुपर्छ। स्रोतहरूमा निम्न समावेश छन्:

- 211 Info: 2-1-1 मा कल गर्नुहोस् वा www.211info.org/ मा जानुहोस्
- ओरेगनको वृद्ध तथा अपाङ्गता स्रोत कनेक्सन (ADRC): 1-855-673-2372 मा कल गर्नुहोस् वा www.adrcoforegon.org/ मा जानुहोस्
- ओरेगनको फूड बैंकको वेबसाइट www.oregonfoodfinder.org/
- तपाईंको स्थानीय फूड बैंक वा प्यान्ट्री
- तपाईंको क्षेत्रमा रहेका कम्युनिटी एक्सन एजेन्सीहरू: www.caporegon.org/
- तपाईंले सामान्यतया पर्याप्त खाद्यान्न जुटाउन समस्या भइरहेका मानिसहरूलाई सिफारिस गर्ने अन्य कुनै पनि स्थानीय स्रोत।

* परिवारहरूले आफ्ना अन्य लागत भुक्तानी गर्नका लागि यी राज्य तथा संघीय कार्यक्रमहरूबाट लाभ लिन पनि सक्छन्:
    - **न्यून आय घरेलु ऊर्जा सहायता कार्यक्रम** (LIHEAP) ले व्यक्ति तथा परिवारहरूलाई ऊर्जाका लागतहरूमा सहायता गर्ने पहलहरूमार्फत मानिसहरूलाई सुरक्षित र स्वस्थ राख्नमा मद्दत गर्छ। ऊर्जा सहायताका लागि कसरी आवेदन दिने भन्नेबारे जानकारी चाहिएमा EnergyHelp.us मा जानुहोस् वा 1-866-674-6327 मा कल गर्नुहोस्।
    - ओरेगन आवास तथा सामुदायिक सेवा (OHCS) ले स्थानीय एजेन्सीहरूको माध्यमद्वारा **अतिरिक्त उपयोगिता बिल सहायता** उपलब्ध गराएको छ। तपाईं स्थानीय एजेन्सीको वेबसाइटमा गएर आवेदन दिन सक्नुहुन्छ: https://www.oregon.gov/ohcs/energy-weatherization/Pages/utility-bill-payment-assistance.aspx.
    - **किफायती जडान कार्यक्रम**ले योग्य परिवारहरूलाई इन्टरनेट सेवामा कम्तीमा $30 मासिक छुट प्रदान गर्छ। तपाईंले ODHS बाट लाभहरू प्राप्त गरिरहनुभएको छ भने, तपाईं स्वतः योग्य ठहरिन सक्नुहुन्छ। आफ्नो योग्यता जाँच गर्न वा निःशुल्क जोखिमरहित आवेदन पेश गर्नका लागि, GetInternet.gov मा जानुहोस् वा 1-877-384-2575 मा कल गर्नुहोस्।
    - OHCS ले **भाडा तथा आवास सहायता** प्रदान गरेको छ। OHCS को वेबसाइट https://www.oregon.gov/ohcs/housing-assistance/Pages/housing-assistance.aspx मा जानुहोस्।